# नेपाली राजदूतावास, बैंकक

## सिंगापुरमा राहदानी नवीकरणका लागि शिविर सञ्चालन हुने सम्बन्धी सूचना!!!

सिंगापुरमा बसोबास गर्दै आउनुभएका नेपालीहरूलाई लक्षित गर्दै नेपाली राजदूतावास, बैंककले देहायको स्थान, मिति र समयमा शिविरमार्फत राहदानी नवीकरण गर्ने कार्यक्रम तय भएको हुँदा आवश्यक सेवा लिन राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

**शिविर आयोजना हुने स्थान, मिति र समयः**

- स्थानः Gurkha Contingent Camp, Singapore Police Force, Singapore,
- मितिः शुक्रबार, १७ अक्टोबर २०२५ देखि आइतबार, १९ अक्टोबर २०२५ सम्म,
- समयः बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म।

**विद्युतीय राहदानी (e-Passport) नवीकरणका लागि आवेदन दिने तरिकाः**

- **https://emrtds.nepalpassport.gov.np/** मा गई राहदानीका लागि अनलाइन आवेदन फाराम भर्नुपर्नेछ।
- फाराम भर्दा **Appointment Location** मा **NE, Bangkok** छानी Appointment मिति र समय छनौट गर्नु पर्नेछ।
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा barcode सहितको PDF फाराम download गर्नु पर्नेछ। (डाउनलोड गरिएको फारामको दाँयापट्टि छेउमा र bottom मा बारकोड रहेको देख्न सकिनेछ।)
- आवेदकहरूले Download गरिएको उक्त बारकोडसहितको फारामको Scanned **PDF** copy, राहदानी र नागरिकताको फोटोकपी attach गरी २०२५ अक्टोबर १० अगावै Verification का लागि दूतावासको इमेल ठेगानामा ***nepalpassportbkk@gmail.com*** मा इमेल पठाउनु पर्नेछ।
- डाउनलोड गरिएको फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित माथि उल्लेखित मिति, स्थान र समयमा आवेदक स्वयम् उपस्थित हुनुपर्नेछ।

(*पुनश्चः शिविरमा राहदानी नवीकरण गर्दा राहदानीको म्याद ६ महिनाभन्दा कम रहेकाहरूलाई पहिलो प्राथमिकता दिइने छ।*)

**आवश्यक कागजातहरूः**

- सक्कल नागरिकता र राहदानी तथा सोको प्रतिलिपिहरू।
- नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमाको नागरिकता, राहदानी र विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- राहदानी हराई नयाँ बनाउन आवेदन दिनेहरूले माथीका कागजातका अतिरिक्त Police Report समेत।
- **https://emrtds.nepalpassport.gov.np/** मा रीतपूर्वक भरिएको अनलाईन फारामको बारकोड सहितको प्रति।

**राजस्वः**

- १० वर्ष मुनिका नाबालकका लागि ४० अमेरिकी डलर,
- १० वर्ष माथीका सबैका लागि ८० अमेरिकी डलर,
- हराएको/च्यात्तिएको/जलेको राहदानीका लागि १२० अमेरिकी डलर

**स्थानीय सम्पर्क व्यक्तिहरूः**

- Mr. Raju Sharma, Mobile No: +65 9017 3322
- Singapore Police Force, Gurkha Contingent मा कार्यरतहरूका लागिः Mr. Gopal Gurung, Mobile No: +65 8268 8429

**थप जानकारीका लागि राजदूतावासको इमेल ठेगानामा मेल गर्नसक्नुहुनेछः**

Email: nepbkk2@gmail.com, nepalpassportbkk@gmail.com